# मंगलसेन नगरपालिका

## बजार अनुगमन सम्बन्धी प्रतिवेदन

अनुगमन मिति: २०८३ साल असार २६ गते

अनुगमन क्षेत्र: मंगलसेन बजार, अछाम

### १. पृष्ठभूमि

उपभोक्ताको स्वास्थ्य, सुरक्षा तथा हित संरक्षण, बजारलाई स्वच्छ, मर्यादित र प्रतिस्पर्धी बनाउन, गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानुनी व्यवस्था बमोजिम मंगलसेन नगरपालिकाको नेतृत्वमा मिति २०८३ साल असार २६ गते मंगलसेन बजार क्षेत्रमा संयुक्त बजार अनुगमन कार्यक्रम सञ्चालन गरिएको थियो।

अनुगमनका क्रममा व्यवसाय दर्ता तथा नवीकरण, मूल्यसूची प्रदर्शन, बिल बिजकको प्रयोग, खाद्यवस्तुको गुणस्तर, म्याद समाप्त भएका वस्तु, सरसफाइ, लेबलिङ, भण्डारण अवस्था, उपभोक्ता हित संरक्षणसम्बन्धी कानुनी व्यवस्था तथा अन्य आवश्यक मापदण्डहरूको पालना भए/नभएको विषयमा निरीक्षण गरिएको थियो।

### २. अनुगमन टोली

अनुगमन कार्यक्रममा देहायका निकायहरूको सहभागिता रहेको थियो:

- जिल्ला प्रशासन कार्यालय, अछाम
- घरेलु तथा साना उद्योग विकास कार्यालय
- प्रहरी चौकी, मंगलसेन
- उद्योग वाणिज्य संघ
- वजार व्यवस्थापन समिति
- नेपाल पत्रकार महासंघ
- मंगलसेन नगरपालिकाका विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधिहरू

जम्मा सहभागी संख्या: २५ जना

### ३. अनुगमन गरिएका व्यवसायहरूको विवरण

अनुगमनका क्रममा जम्मा ५० वटा व्यवसाय निरीक्षण गरिएको थियो। व्यवसायगत विवरण देहायबमोजिम रहेको छः

| क.सं. | व्यवसायको प्रकार | संख्या |
|---|---|---|
| १ | होटल तथा खाजा घर | २६ |
| २ | मासु पसल | २ |
| ३ | कस्मेटिक तथा श्रृङ्गार पसल | ५ |
| ४ | सुनचाँदी पसल | २ |
| ५ | किराना पसल | १२ |
| ६ | माछा पसल | ३ |
| जम्मा | | ५० |

## ४. जफत गरिएको सामग्री

अनुगमनका क्रममा म्याद समाप्त भएका, लेबल नभएका, गुणस्तरमा शंका लागेका वा बिक्रीयोग्य नभएका सामग्री सम्बन्धित व्यवसायीको रोहबरमा जफत गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको थियो।

जफत गरिएका व्यवसायको विवरण:

| व्यवसाय | संख्या |
|---|---|
| एग्रोभेट | १ |
| कस्मेटिक तथा श्रृङ्गार पसल | २ |
| होटल तथा खाजा घर | १ |
| किराना पसल | ७ |
| जम्मा | ११ |

## ५. सुझाव तथा सहजीकरण

अनुगमनका क्रममा ३० वटा व्यवसाय लाई व्यवसाय सञ्चालनलाई थप व्यवस्थित, कानुनसम्मत तथा उपभोक्तामैत्री बनाउन आवश्यक सुझाव, परामर्श तथा सहजीकरण प्रदान गरिएको थियो।

विशेषगरी देहायका विषयमा व्यवसायीलाई सचेत गराइएको थियो:

CamScanner

- व्यवसाय दर्ता तथा समयमै नवीकरण गर्ने।
- प्रत्येक पसलमा स्पष्ट मूल्यसूची राख्ने।
- बिल बिजक अनिवार्य रूपमा प्रयोग गर्ने।
- म्याद समाप्त भएका वस्तु बिक्री नगर्ने।
- खाद्य सामग्री स्वच्छ र सुरक्षित रूपमा भण्डारण गर्ने।
- सरसफाइमा विशेष ध्यान दिने।
- उपभोक्ता हित संरक्षणसम्बन्धी प्रचलित कानुनको पूर्ण पालना गर्ने।

## ६. राजस्व संकलन

अनुगमनकै क्रममा व्यवसायीहरूलाई दर्ता, नवीकरण तथा सरसफाइ शुल्क अद्यावधिक गर्न सहजीकरण गरिएको थियो। सो क्रममा देहायबमोजिम राजस्व संकलन भएको छः

| विवरण | रकम (रु.) |
|---|---|
| व्यवसाय दर्ता तथा नवीकरण शुल्क | ६९,१०० |
| सरसफाइ शुल्क | ४६,६०० |
| जम्मा राजस्व | १,१५,७०० |

## ७. उपलब्धि

- ५० वटा व्यवसायको प्रभावकारी अनुगमन सम्पन्न भयो।
- ११ वटा व्यवसायवाट मापदण्डविपरीत रहेका सामग्री जफत गरियो।
- ३० वटा व्यवसायलाई कानुनी तथा प्राविधिक परामर्श प्रदान गरियो।
- व्यवसायीहरूलाई उपभोक्तामैत्री सेवा प्रवाह गर्न प्रेरित गरियो।
- व्यवसाय दर्ता तथा नवीकरणमा वृद्धि भई रु. ६९,१०० राजस्व संकलन भयो।
- सरसफाइ शुल्कवाट रु. ४६,६०० संकलन भई वजार व्यवस्थापनमा थप सहयोग पुग्यो।.
- सम्वन्धित सरकारी निकाय, निजी क्षेत्र, सञ्चार क्षेत्र र स्थानीय तहवीच समन्वयात्मक रूपमा वजार अनुगमन सम्पन्न भई उपभोक्ता हित संरक्षण तथा स्वस्थ वजार प्रणाली प्रवर्द्धनमा सकारात्मक योगदान पुग्यो।

## ८. निष्कर्ष

मिति २०८३ साल असार २६ गते सम्पन्न संयुक्त वजार अनुगमन कार्यक्रम प्रभावकारी, उपलव्धिमूलक तथा उपभोक्ता हित संरक्षणका दृष्टिले सफल रहेको पाइयो। अनुगमनवाट

व्यवसायीहरूमा कानुनी दायित्वप्रति थप सचेतना अभिवृद्धि हुनुका साथै बजार व्यवस्थापन, गुणस्तरीय वस्तु तथा सेवा प्रवाह, सरसफाइ प्रवर्द्धन र राजस्व संकलनमा समेत सकारात्मक प्रभाव परेको देखिन्छ।

आगामी दिनमा यस्ता बजार अनुगमन कार्यक्रमलाई नियमित, निरन्तर तथा अझ प्रभावकारी रूपमा सञ्चालन गरी उपभोक्ताको अधिकार संरक्षण, स्वस्थ प्रतिस्पर्धा, गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चितता तथा सुरक्षित बजार वातावरण निर्माणमा जोड दिन आवश्यक देखिन्छ।

प्रतिवेदक

# मंगलसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मंगलसेन, अछाम

**जफत गरिएका सामग्री निष्क्रिय (नष्ट) गरिएको मुचुल्का**

मुचुल्का नं.: ०१........
मिति: २०८३/०३/२६
समय: ...५:३१ बजे
स्थानः मंगलसेन नगरपालिका, अछाम

आज मिति २०८३ साल असार २६ गते मंगलसेन नगरपालिका बजार अनुगमन तथा निरीक्षण समितिले मंगलसेन बजार क्षेत्रमा सञ्चालनमा रहेका विभिन्न व्यवसायहरूको अनुगमन तथा निरीक्षण गर्ने क्रममा म्याद समाप्त भएका, गुणस्तरहीन, लेवल तथा मापदण्ड विपरीत रहेका एवं उपभोगका लागि अनुपयुक्त सामग्रीहरू जफत गरेकोमा सम्बन्धित व्यवसायी तथा रोहवरहरूको उपस्थितिमा देहाय बमोजिमका सामग्रीहरू पुनः प्रयोग गर्न नमिल्ने गरी निष्क्रिय (नष्ट) गरिएको व्यहोरा यो मुचुल्काद्वारा प्रमाणित गरिन्छ।

निष्क्रिय (नष्ट) गरिएका सामग्रीहरूको विवरण

(क) एग्रोभेट व्यवसायबाट प्राप्त सामाग्री

| क्र.सं. | सामग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | क्लोरपाथरिफस | १० थान |
| २ | म्यान्कोजेब एम–४५ | १० थान |
| ३ | कृषि क्रान्ति | ६ थान |
| ४ | याक्सापार | ५ थान |
| ५ | न्यूटिसल | १ थान |
| ६ | धनिया (बीउ) | २ प्याकेट |
| ७ | ग्रोट याक्स | ५ पिस |

(ख) कस्मेटिक स्टोरबाट प्राप्त सामाग्री

| क्र.सं. | सामग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | विभिन्न किसिमका कस्मेटिक तेल, परफ्युम लगायत | ६० थान |
| २ | स्याम्पु, ग्लिसिरिन आदि | १२ थान |
| ३ | अन्य कस्मेटिक सामाग्री | १० थान |

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम

(ग) किराना पसलबाट प्राप्त सामाग्री

| क्र.सं. | सामग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | इमली | ३० प्याकेट |
| २ | आँप | १५ के.जी. |
| ३ | काक्रा | १५ के.जी. |
| ४ | सुजी | ४ प्याकेट |
| ५ | भूजा | १७ प्याकेट |
| ६ | ललिपप | १ डिब्बा |
| ७ | खाने कलर | १७ वटा |
| ८ | मिश्री | २० पिस |
| ९ | चाइनिज रोल पापड | १५ प्याकेट |

उल्लेखित सामग्रीहरू सार्वजनिक स्वास्थ्य तथा उपभोक्ता हितलाई मध्यनजर गर्दै पुनः प्रयोग गर्न नमिल्ने गरी निष्क्रिय (नष्ट) गरिएको छ। यस कार्यमा प्रयोग भएका सामग्रीहरू बिक्री, वितरण वा पुनः प्रयोग हुन नसक्ने अवस्थामा पुऱ्याई सुरक्षित रूपमा व्यवस्थापन गरिएको व्यहोरा यस मुचुल्कामा उल्लेख गरिएको छ।

उपस्थित हामी सबैले यो मुचुल्का पढी/सुनि ठीक साँचो भएकोले सहिछाप गरेका छौं।

| क्र.सं. | नामथर | पद/दर्जा | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| 1 | विष्णु प्र. ढुंगाना | प्र.प्र.अ. | म.न.पा. | [signature] |
| 2 | खगेन्द्र ब. सोडारी | प्रशासकीय अधिकृत | " " | [signature] |
| 3 | टेक ब. खड्का | अध्यक्ष | पत्रकार महासंघ | [signature] |
| ४ | कर्ण ब. पार्की | प्र.ज.नि. | प्र.चौ. मंगलसेन | [signature] |
| ५ | सन्तोष कु. रोकाय | प्र.स.प्र. | " " | [signature] |
| ⑥ | नरेश ब. कठायत | जनस्वास्थ्यप्रमुख | म.न.पा. | [signature] |
| 6 | नन्दराज ढुंगाना | क.अ. | " " | [signature] |
| ८ | दुर्गा प्र. जोशी | प.हे.प्र. | " " | [signature] |
| ९ | नर्क भुल | ना.प्रा.स. | " " | [signature] |
| १० | दिल ब. केसी | MIS सहायक | " " | [signature] |
| ११ | अमीनन्द ढुंगाना | ज.स्वा.अ. | " " | [signature] |
| १२ | नगेन्द्र केसी | कृषि अ. | " " | [signature] |

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

CS CamScanner




CamScanner




CamScanner